# रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पहरीगाउँ, इलाम
## कोशी प्रदेश, नेपाल

प. सं.:२०८३/०८४
च. नं. : ३४

मिति :२०८३/०४/१४

गाउँ कार्यपालिकाको कार्यालय रोङ गाउँपालिका पहरीगाउँ, इलाम २०७३

**विषय :** रोङ कोशेलीघर निर्माणका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा कोशी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विराटनगर, मोरङ र रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पहरीगाउँ, इलामबीच 'नवप्रवर्तन साझेदारी परियोजना' अन्तर्गत द्विपक्षीय सम्झौता भई कार्यान्वयनमा रहेको 'रोङ उद्यमशीलता र कृषि व्यवसाय सम्बर्द्धन परियोजना' मा समेटिएको 'रोङ कोशेली घर निर्माण' गरी तपशीलका शर्तका अधीनमा रही सञ्चालन गर्न इच्छुक उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्रमा यस कार्यालयको कृषि विकास शाखामा उपस्थित भई आवश्यक कागजात सहित आवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

न्यूनतम मापदण्ड :

१) रोङ गाउँपालिका क्षेत्रमा मेची राजमार्गलाई छोएको आवेदकको स्वमित्वमा कम्तीमा १.५ रोपनी जमिन तथा संरचना भएको हुनुपर्नेछ ।

२) बुँदा नं. १ मा भनिएको जस्तो आफ्नै स्वमित्वमा जमिन नभएमा कम्तीमा १० वर्षका लागि नियमपूर्वक भाडामा जमिन लिएको हुनुपर्नेछ ।

३) कम्तीमा १ वटा ठूलो पर्यटक बस, ४ वटा कार/जीप १० वटा मोटरसाइकल एकैपटकमा पार्किङ गर्न मिल्ने जमिन भएको हुनु पर्नेछ ता कि राजमार्गको Right of Way भित्र पार्किङ गर्न नपरोस् ।

४) सामान डेलिभरी गर्ने आफ्नै स्वमित्वको ढुवानीका साधन भएको हुनुपर्नेछ ।

५) आवेदकले कोशेलीघरको प्रस्तावित डिजाइन समेत पेश गर्नु पर्नेछ ।

६) कोशेली घरको डिजाइन स्वीकृति, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदनजस्ता प्राविधिक कार्य यस कार्यालयबाटै गरिनेछ ।

७) कोशेली घर निर्माण गर्नका लागि कुल लागतको ५०% वा रु. ८,५०,०००।- मध्ये जुन कम हुन्छ त्यति बराबरको रकम यस कार्यालयले उपलब्ध गराउनेछ । बाँकी रकम आवेदक स्वयंले साझेदारी गर्नु पर्नेछ ।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

८) रोङ गाउँपालिका क्षेत्रभित्र कृषि प्रशोधन तथा बजारीकरण गरिरहेको आवेदकलाई प्राथमिकता दिइनेछ।

९) 'रोङ कोशेली घर' का सम्बन्धमा थप विषय स्वीकृत कार्यशर्त (ToR) मा उल्लेख छ।

आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु :

१. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति,
२. सम्बन्धित वडाको सिफारिस,
३. उद्योग वा संस्था दर्ता नवीकरणको प्रमाण पत्रको छायाँप्रति,
४. स्थायी लेखा नम्बर र आ. व. २०८१/ ०८२ को करचुक्ता प्रमाण पत्रको छायाँप्रति,
५. कोशेली घर निर्माण हुने स्थानको जग्गा धनीपूर्जा वा कम्तीमा १० वर्षको लागि जग्गा भाडामा लिएको सम्झौतापत्र,
६. खाद्यवस्तु प्रशोधन गर्दै आएको भए त्यसको प्रमाण खुल्ने कागजात वा तस्वीर,
७. 3D नक्सा सहितको कोशेलीघरको डिजाइन तथा कुल लागत रकम सहितको प्रस्तवाना,
८. सोही प्रकृतिका अनुदान विगत ३ वर्षयता नलिएको स्वघोषणा।

२०८२-०८-०१

विनोद कुमार ...
प्रमुख प्रशासकीय अधिकृत


वेवसाइटः www.rongmun.gov.np, इमेलः info@rongmun.gov.np, rongruralmun@gmail.com
सम्पर्क नं. ९८५२६७८७३२ (अध्यक्ष), ९८४४६३१५१७ (उपाध्यक्ष), ९८५२६४२०२०(प्रमुख प्रशासकीय अधिकृत)